नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(बढुवा व्यवस्थापन शाखा)

पत्र संख्या : ०८१/८२

चलानी संख्या: ७३५

मिति:२०८२/०१/२५

विषयः सक्कल कार्य सम्पादन मूल्याङ्कन फाराम पठाईदिनुहुन।

श्री जो जससँग सम्बन्ध राखदछ।

निजामती सेवा ऐन, २०४९ को दफा २४क(६) बमोजिम निजामती कर्मचारीहरुको एक प्रति वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम बढुवा समितिको सचिवालयमा अनिवार्य पठाउने व्यवस्था भएकोमा कतिपय कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको समयमा प्राप्त नभई बढुवा कार्यमा विलम्ब भएको र सम्बन्धित कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम पठाईदिने व्यवस्थाका लागि तत् तत् निकायमा अनुरोध गर्दा यस मन्त्रालयको पत्र माग भएको भन्ने बुझिएकोले यसै पत्र एवम् सम्बन्धित कर्मचारीको निवेदन समेतका आधारमा पछिलो पाँच आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति बढुवा प्रयोजनार्थ शिलबन्दी गरी यथाशीघ्र बढुवा समितिको सचिवालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाईदिनुहुन आदेशानुसार अनुरोध छ।

०८२/०१/२५

...............

गौरव पन्थी

शाखा अधिकृत